# बागमती प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
# सामाजिक विकास कार्यालय
## गजुरी, धादिङ

**स्थानीय तहसँगको सहकार्यमा बालविकास केन्द्रको स्तरोन्नति कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/१०/१२**

चालु आ.व. २०८२/०८३ मा यस कार्यालयको वार्षिक कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको कार्यक्रम सञ्चालन गर्ने गरी वजेट स्वीकृत भएको हुँदा 'स्थानीय तहसँगको सहकार्यमा बाल विकास केन्द्रको स्तरोन्नति सम्बन्धी कार्यविधि, २०८२ बमोजिम तपसिलमा उल्लेख गरिए अनुसारको कागजातहरू सहित **बालविकास केन्द्र स्तरोन्नति सम्बन्धी योजना र कार्यविधिको अनुसूची-२ को ढाँचामा आवेदन** यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा पेश गर्न रसुवा, नुवाकोट र धादिङ जिल्लाका इच्छुक सामुदायिक विद्यालयहरूका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्यक्रम | क. प्रस्ताव पेश गर्ने विद्यालयहरुले पुरा गर्नु पर्ने शर्तहरुः- |
|---|---|
| स्थानीय तहसँगको सहकार्यमा बाल विकास केन्द्रको स्तरोन्नति कार्यक्रम | १. प्रारम्भिक बाल विकास केन्द्रको उमेर समूहका कम्तिमा २० जनासम्म बालबालिका भर्ना भई अध्ययन गरिरहेको,<br>२. राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ ले निर्धारण गरे अनुरूप न्यूनतम सुविधा भएको छुट्टै भवन वा छुट्टै कक्षाकोठा भएको,<br>३. राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ ले निर्धारण गरेका क्षेत्रहरूमध्ये अनुसूची-१ मा उल्लेख भएका क्षेत्रहरूमा खर्च गर्न लागत **साझेदारी गर्न सक्ने रकम उल्लेख भएको स्थानीय तहले गरेको प्रतिवद्धता** सहितको सिफारिस पत्र,<br>४. प्रदेश सरकारबाट विगत आर्थिक वर्षमा यो कार्यक्रम परेका विद्यालयले आवेदन दिन पाइने छेन।<br>५. सहकार्यका लागि कार्यालयबाट उपलब्ध हुने अनुदान रकमबाट ल्यापटप, सिसिटिभि खरिद गर्न, तलव भत्ता, शैक्षिक भ्रमण खर्च, बैठक भत्ता, खाना तथा खाजा र जग्गा खरिद शीर्षकमा खर्च पाइने छैन । |
| | ख. प्रस्ताव सहित पेश गर्नुपर्ने कागजातहरुः- |
| | १. राष्ट्रिय न्यूनतम मापदण्ड, २०६७ ले निर्धारण गरेका क्षेत्रहरूमध्ये स्थानीय तह र कार्यालयबाट सहकार्य गर्ने गरी सम्बन्धित स्थानीय तहले गरेको लागत साझेदारी रकम उल्लेख भएको प्रतिबद्धतासहित सिफारिस पत्र<br>२. बालविकास केन्द्रको हालको अवस्थाको विषयमा बालविकास केन्द्र व्यवस्थापन समिति वा विद्यालय व्यवस्थापन समितिको निर्णयसहित कार्यक्रम माग गर्ने निर्णय प्रतिलिपि<br>३. हाल कार्यरत सहयोगी कार्यकर्ताको नियुक्ति पत्र, शैक्षिक योग्यताको प्रमाण पत्र र तालिम प्रास प्रमाण पत्रको प्रतिलिपि<br>४. हाल कार्यरत आयाको नियुक्ति पत्रको प्रतिलिपि<br>५. बालविकास केन्द्रमा भर्ना भई अध्ययनरत बालबालिकाहरूको नामनामेसी विवरण प्रमाणित **(IEMIS Report)** सहित<br>६. बालविकास केन्द्र व्यवस्थापन समिति वा विद्यालय व्यवस्थापन समितिको पदाधिकारीको गठन मिति खुलेको स्थानीय तहको सिफारिस<br>७. प्रस्तावित बजेटको कार्यान्वयन योजना<br>८. प्रस्तावनामा उल्लेख गरिएका विवरण पुष्टि हुने थप कागजात<br>९. बालविकास केन्द्रको स्थिति झल्कने तस्बिरहरू |
| स्पष्टिकरणः | **म्याद नाघी आएको र माथि उल्लेखित शर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन ।** |
| पुनश्चः | उल्लिखित 'स्थानीय तहसँगको सहकार्यमा बाल विकास केन्द्रको स्तरोन्नति सम्बन्धी कार्यविधि, २०८२,' सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशको वेबसाइट **http://www.sdodhadlng.bagamatl.gov.np** मा हेर्न सकिनेछ । साथै थप जानकारीको लागि ९८४८२७७२१९ मा सम्पर्क गर्न सकिनेछ ।<br>२०८२/१०/१२<br>कार्यालय प्रमुख |

कार्यालय प्रमुख